नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# राजस्व अनुसन्धान विभाग

हरिहरभवन, ललितपुर।

<u>प्रेस विज्ञप्ति</u> ।

राजस्व अनुसन्धान विभागले राजस्व चुहावटसम्वन्धी कसूरमा अनुसन्धान तथा तहकिकात सम्पन्न गरी के.के.एण्ड के. लिकर शप (स्थायी लेखा नम्वर ३०४३२९२६७) समेतको कारोबार गर्ने मुख्य व्यक्ति राजन के.सी. विरुद्ध उच्च अदालत पाटनमा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २०(६) बमोजिम आज मिति २०८२/०१/३० गते मुद्दा दायर गरेको छ।

काठमाडौं जिल्ला, बुढानीलकण्ठ न.पा.-१३, चुनिखेलस्थित मदिराको खरिद विक्री कारोवार गर्ने के.के.एण्ड के. लिकर शप, (स्थायी लेखा नम्वर ३०४३२९२६७), बुढानीलकण्ठ न.पा.-३, वसुन्धारास्थित के.के.एण्ड के. स्टोर (स्थायी लेखा नम्वर ६१९१९४६०८) र टोखा न.पा.-५, वसुन्धारास्थित श्री पि. के. ईन्टरप्राइजेज (स्थायी लेखा नम्वर ६०२६८०२०२) को कारोवार गर्ने मुख्य व्यक्ति राजन के.सी.ले मूल्य अभिवृद्धि कर तथा आयकर छली गर्ने उद्देश्यले वीजक जारी नगरी मालवस्तु विक्री वितरण गरेको, झुट्टा लेखा तयार गरी कर छलेको, राजस्व छली गर्ने उद्देश्यले वीजक भन्दा वढी वा विना वीजक सामानमात्र लिई वीजक जारी नगरी विक्री गरेको, वस्तु तथा सेवाको हस्तान्तरण नै नगरी वीजक मात्र जारी गरी नेपाल सरकारलाई नियमानुसार तिर्नु बुझाउनुपर्ने मूल्य अभिवृद्धि कर लगायतका राजस्व नतिरी राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३ विपरीत कार्य गरी ऐ. ऐनको दफा ४ बमोजिमको कसूर गरेको पुष्टि भएकोले निज प्रतिवादी राजन के.सी.लाई ऐ. ऐनको दफा २(छ१) बमोजिम मूल्य अभिवृद्धि करतर्फ रु.१,९९,८५,८६८/०० (अक्षरेपि एक करोड उनान्सय लाख पचासी हजार आठ सय अठसठ्ठी रुपैया मात्र) बिगो कायम गरी ऐ. ऐनको दफा २३ को उपदफा (१) बमोजिम बिगो असुल गर्न तथा बिगोको शतप्रतिशत जरिवाना रुकम रु.१,९९,८५,८६८/०० (अक्षरेपि एक करोड उनान्सय लाख पचासी हजार आठ सय अठसठ्ठी रुपैया मात्र) गरी जम्मा रु.३,९९,७१,७३६।- (अक्षेरेपी तीन करोड उनान्सय लाख एकहत्तर हजार सात सय छत्तीस रुपैयाँ मात्र) जरिवाना गर्न तथा ऐनको दफा २३ को उपदफा (१)(ख) बमोजिम कैद सजायको मागदावी लिई आज मिति २०८२/०१/३० गते सम्मानित उच्च अदालत पाटनमा अभियोगपत्र दायर गरिएको छ।

मिति २०८२ साल वैशाख ३० गते मङ्गलवार ।

२०८२/०१/३०
(कृष्ण कुमारी श्रेष्ठ)
प्रवक्ता/उपमहानिर्देशक

Scanned with CamScanner